# जिल्ला समन्वय समिति सिन्धुलीको प्रमुख बनिन् झरना

TELEVISION NEPAL

Accuracy, Balance & Credibility - JOURNALISM




सिन्धुली । जिल्ला समन्वय समिति सिन्धुलीको प्रमुख झरना बखेल बनेकी छन् । गर्ल्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम अन्तर्गत एक दिनको लागि प्रमुख बनेकी हुन् ।

शुक्रबार बिहान जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख कारसाङ लामाले झरनालाई जिल्ल समन्वय समिति सिन्धुलीको पद हस्तान्तरण गर्दै झरनालाई समन्वय प्रमुखको जिम्मेवारी दिएका हुन् ।

पद हस्तान्तरण कार्यक्रम आयोजना गरेको आफूलाई पद हस्तान्तरण गरेकोमा धन्यवाद दिँदै झरनाले समन्वय प्रमुख कारसाङ लामासँग जिल्ला समन्वय समितिले गरिरहेको काम र भोलिका दिनमा गर्ने कामको बारेमा जानकारी दिए । जिल्लामा नै वटा स्थानीय तह भएको र स्थानीय तहमा लक्षित वर्गको कार्यक्रम लक्ष्य अनुरूप विनियोजन हुन नसेको र जिल्लामा भएका विभिन्न गतिविधिको बारेमा समन्वय समितिले अनुगमन गर्दै आएको कारसाङ लामाले जानकारी दिए ।

सबै स्थानीय तहमा गैर सरकारी संस्थाको पहलमा विभिन्न किसिमका विकास र परिवर्तनका गतिविधि भएको भन्दै उनले गैर सरकारी संस्थाको सहयोगले जिल्लको विकासमा टेवा पुर्याउदै आएको बताए । कारसाङ लामासँग समन्वय समितिले गर्ने कामको बारेमा जानकारी लिएपछि झरनाले जिल्ला समन्वय समितिले गर्नु पर्ने काम र आफू समन्वय प्रमुख भई रहँदा गर्ने योजना समेत सुनाएका थिए ।

समाजमा अझै पनि छोरीले केही गर्न सक्दैनन् भन्ने मानसिकता रहेको भन्दै छोरीलाई पनि साथ र स्वतन्त्र छोड्ने हो भने नेतृत्वमा आउन सक्ने बताए । विकास र परिवर्तनका धेरै कुरा गरे पनि किशोरीका सवालमा भने पर्याप्त कामहरू हुन नसकेको झरनाले बताए ।

किशोरीहरूको मनोमल बढाउने र बालिकालाई सिक्ने सिकाउने अभियान बालिकाहरूलाई नेतृत्व लिन हौसला प्रदान गर्न गर्ल्स टेक ओभर कार्यक्रम हो । यस कार्यक्रम समापनपछि झरनाले पुनः कारसाङ लामालाई जिल्ला समन्वय समितिको पद हस्तान्तरण गरेका थिए ।

प्लान इन्टरनेशनल नेपालका पूर्व क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक रबिशंखर पण्डितले किशोरीहरूलाई लक्ष्य निर्धारण गर्न टेवा पुऱ्याउने उद्देश्यले ‘बालिका

तथा किशोरीलाई पद हस्तान्तरण गर्ने अभियान संचालन हुँदै आएको बताए । यस अभियानले किशोरीहरूको लक्ष्य निर्धारण गर्न र उनीहरूलाई काम गर्दा गर्नु पर्ने समन्वयका बारेमा ज्ञान मिल्ने उनले बताए । उनले गल्स टेक ओभरको बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए ।

गल्र्स टेक ओभर बालिका अधिकारका लागि क्रियाशील संस्थाहरू, प्लान इन्टरनेशनल नेपाल, जनजाति समाज विकास कार्यक्रम सिन्धुली, हेड्स नेपाल सिन्धुली, सिड्स नेपाल सिन्धुलीको साझा अभियान हो । गर्ल्स टेक ओवर अभियानले बालिका तथा किशोरीलाई नेतृत्वदायी भूमिका अनुसरण गर्न भित्री प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ ।